# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, जेठ ०७ गते, २०८३ साल (संख्या २

## भाग ३

### गण्डकी प्रदेश सरकार

### आर्थिक मामिला मन्त्रालयको सूचना

**बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (चौथो संशोधन) कार्यविधि, २०८३**

**प्रस्तावना:** बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (चौथो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४ मा संशोधनः</u>** "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" (यस पछि मूल कार्यविधि भनिएको) को दफा ४ को उपदफा (३) मा रहेका **"खरिद कार्यवाही गर्नु पर्नेछ"** भन्ने शब्दहरुको सट्टा **"खरिद कार्यवाही गर्न सकिनेछ"** भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>मूल कार्यविधिको दफा ५ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ५ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) कुनै आयोजना सञ्चालन गर्दा त्यसको कार्यान्वयनबाट अन्य आयोजनामा कुनै हानी, नोक्सानी वा क्षति पुग्ने भएमा आयोजना सञ्चालन गर्ने निकायले तयारी चरणमा नै त्यस्तो हानि, नोक्सानी वा क्षतिको आँकलन गरी सेवा पुनर्स्थापना हुने गरी आयोजनाको लागत अनुमानमा नै समावेश गर्नु पर्नेछ।"

४. **<u>मूल कार्यविधिको दफा ६ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ६ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) विषयगत मन्त्रालयले यस दफा बमोजिम कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयनको लागि खरिद सम्झौता गर्न आवश्यक ठानेमा अनुसूची- १ र अनुसूची- २ बमोजिमको ढाँचामा विवरण भरी विषयगत मन्त्रालयका सचिवले प्रमाणित गरी असोज मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा प्रस्ताव पेस गर्न सक्नेछ।

"तर, यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुल लागत अनुमानको कम्तिमा बीस प्रतिशत सुरु बजेट बिनियोजन नभएको आयोजना बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयनका लागि विषयगत मन्त्रालयबाट आर्थिक मामिला मन्त्रालयमा पेस गर्न सकिने छैन।"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) विषयगत मन्त्रालयबाट उपदफा (३) बमोजिम प्रस्ताव पेश भएपछि आर्थिक मामिला मन्त्रालयले आवश्यकता र औचित्यको आधारमा चैत पन्ध्र गते भित्र त्यस्ता आयोजनालाई

बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयनका लागि छनोट गर्न उपदफा (४) बमोजिमको समितिमा पेस गर्न सक्नेछ।"

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) बमोजिमको समितिले आर्थिक मामिला मन्त्रालयबाट उपदफा (३क) बमोजिम प्रस्ताव गरिएका आयोजनाहरूको मूल्याङ्कन गरी बहुवर्षीय आयोजनाको रूपमा कार्यान्वयन गर्न उपयुक्त देखेमा स्रोत सुनिश्चितताको सहमतिको लागि आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।"

(४) उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

“(१०) उपदफा (९) बमोजिम स्रोत सुनिश्चितताको सहमति प्राप्त भएको आयोजनाको हकमा फागुन मसान्तभित्र ठेक्का प्रक्रियाको लागि सूचना प्रकाशन गरी सोको जानकारी आर्थिक मामिला मन्त्रालयलाई दिनु पर्नेछ। उक्त समयावधि भित्र ठेक्का प्रक्रियाको लागि सूचना प्रकाशन नभएमा उपदफा (९) बमोजिमको सहमति स्वतः रद्द हुनेछ।"

५. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश सरकारले" भन्ने शब्दहरू पछि "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (८) को प्रतिवन्धात्मक बाक्यांश झिकिएको छ।

(३) उपदफा (१६) को सट्टा देहायको उपदफा (१६) राखिएको छः-

“(१६) प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा भाद्र २५ गते भित्र, कार्तिक २५ गते भित्र, माघ २५ गते भित्र र बैशाख २५ गते भित्र गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।"

(४) उपदफा (१६) पछि देहायका उपदफा (१६क), (१६ख) र (१६ग) थपिएका छन्:-

"(१६क) वित्तीय समानीकरण अनुदानको पहिलो र दोस्रो किस्ता सुरु अनुमान बमोजिम, तेस्रो किस्ता राजस्व बाँडफाँडबाट प्राप्त रकम, संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा पुस मसान्त सम्मको आन्तरिक राजस्व संकलन र लक्ष्यको

अनुपातको आधारमा र चौथो किस्ता राजस्व बाँडफाँडबाट प्राप्त रकम, संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा चैत मसान्त सम्मको आन्तरिक राजस्व संकलन र लक्ष्यको अनुपातको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गरिनेछ।

(१६ख) उपदफा (१६) र (१६क) बमोजिम हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले आर्थिक वर्षको कार्तिक १५ गतेभित्र, माघ १५ गतेभित्र, बैशाख १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र हस्तान्तरण भएको रकमको खर्च विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(१६ग) उपदफा (१६ख) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदानको बाँकी रकम स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गरिने छैन।"

(५) उपदफा (१७) को सट्टा देहायको उपदफा (१७) राखिएको छः-

"(१७) प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्ने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान रकमको पचास प्रतिशत रकम भाद्र मसान्तसम्म स्थानीय तहको सञ्चित कोषमा र बाँकी पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहबाट आयोजनाको लागत अनुमान, आयोजना तथा कार्यक्रम सम्झौता, अन्तिम मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन वा कार्यप्रगति प्रतिवेदन सहित निकासा माग प्राप्त भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट हस्तान्तरण गरिनेछ।"

(६) उपदफा (१७) पछि देहायका उपदफा (१७क) र (१७ख) थपिएका छन्ः-

"(१७क) गण्डकी प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण भएको वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँट बाहेक अन्य सवै किसिमको अनुदानवाट हस्तान्तरण भएको रकम सो आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यसरी बचत भएको रकम सम्बन्धित स्थानीय तहले सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश

लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(१७ख) उपदफा (१७क) बमोजिम आर्थिक वर्षभित्र खर्च नभई बचत भएको अनुदान रकम फिर्ता दाखिला नभएमा त्यसरी फिर्ता दाखिला हुनुपर्ने रकम आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने जुनसुकै अनुदान रकमबाट कट्टा गरी समायोजन गर्न सकिनेछ।”

६. **मूल कार्यविधिको अनुसूची ३क. मा संशोधनः** मूल कार्यविधिको अनुसूची-३क. को समूह छ को समपूरक अनुदानका लागि लागत सहभागिता विवरणको क्रमसंख्या ३ को स्थानीय सरकारले विनियोजन गर्ने न्यूनतम प्रतिशत शीर्षकमा रहेको अङ्क "५०" को सट्टा अङ्क "४०" राखिएको छ।

आज्ञाले,
डा. टोकराज पाण्डे
प्रदेश सरकारको सचिव

मुद्रणः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-